## 30. येशू मृतकबाट बौरी उठ्नुहुन्छ (लूका २३:५०-५६; २४:१-१६)

## Jesus Rises from the Dead (Luke 23:50-56; 24:1-16)

**जडान गर्नुहोस्**

• तपाईं आज केको लागि आभारी हुनुहुन्छ?

• गत हप्ता तपाईंले आफ्नो जीवनमा परमेश्वरले कसरी काम गरेको देख्नुभएको छ?

• तपाईंले जीवनमा कस्ता कठिनाइहरू अनुभव गरिरहनुभएको छ? हामी कसरी मद्दत गर्न सक्छौं?

• तपाईंले पछिल्लो सत्रको खोजलाई कसरी लागू गर्नुभयो? के भयो?

• तपाईंले पछिल्लो सत्रको खोज कसलाई साझा गर्नुभयो? उनीहरुको प्रतिक्रिया के थियो ?

**निर्देशन:**

तलका खण्डहरूमा परमेश्वरको सत्यताको खोजलाई मार्गदर्शन गर्न कृपया निम्न चरणहरू प्रयोग गर्नुहोस्। समूह दिशानिर्देशहरू समीक्षा गर्न आवश्यक छ।

**पत्ता लगाउनुहोस्**

**चरण 1**- सहभागीहरूले खण्डको खण्डहरू पालैपालो पढ्छन् (नयाँ शब्दहरू/सर्तहरू स्पष्ट गर्नुहोस्)

**चरण 2**- एक जनाले पूरै खण्ड ठूलो स्वरमा पढ्छन् जबकि बाँकी सुन्छन्।

**चरण 3**- एक सहभागीले खण्डलाई आफ्नै शब्दमा पुन: बताउँछन् (अरूले आफ्ना विचारहरू थप्छन्)

**येशू मृतकबाट बौरी उठ्नुहुन्छ (लूका २३:५०-५६; २४:१-१६)**

**लूका (२३:५०-५६)**

अरमथियाका योसेफ

50-51 यहूदीहरूको अरमथिया शहरबाट आएको एकजना मानिस थिए। तिनको नाउँ यूसुफ थियो। तिनी
असल र धार्मीक मानिस थिए। ऊ परमेश्वरको राज्य आउने भनी पँखिरहेका थिए। यूसुफ यहूदी महासभाका
सदस्य थिए। तर तिनले येशूलाई मार्ने अरू यहूदी अगुवाहरूको निर्णयलाई तिनले सहमती दिएका थिएनन्।

52 तिनी पिलातसकहाँ येशूको शरीर माग्न गए। पिलातसले तिनलाई येशूको शरीर दिन राजी भए। 53 अनि
यूसुफले क्रूसबाट शरीरलाई तल ओह्रालेर एउटा लुगाले बेह्रे। अनि तिनले येशूको शरीर लगे अनि चट्टानमा
खनिएको चिहानमा राखे। यो चिहान अघि कहिल्यै चलाईएको थिएन। 54 त्यो तयारीको दिन थियो। जब
सूर्य अस्ताउँदै थियो, विश्रामको दिन शुरू हुनेवाला थियो। 55 गालीलबाट येशूसँगै आएका स्त्रीहरूले
यूसुफलाई पछयाउन लागे। तिनीहरूले चिहान अनि त्यस भित्र शरीर कसरी राखिएको थियो देखे। 56
त्यसपछि तिनीहरू सुगन्धित मसाला तयार पार्न घर गए। विश्रामको दिन मोशाको नियमको आज्ञा अनुसार
तिनीहरूले विश्राम गरे।

**(लूका २४:१-१६)**

येशू मृत्युबाट बौरी उठे

1 हप्ताको पहिलो दिन सखारै येशूको शरीर राखिएको चिहानमा आइमाईहरू आए। तिनीहरूले तयार पारेको
सुगन्धित मसालाहरू ल्याए। 2 चिहानको प्रवेशद्वार बन्द गर्नलाई एउटा ठूलो ढुङ्गा राखिएको थियो। तर
तिनीहरूले त्यो ढुङ्गा चिहानदेखि कतै गुड्याइ पठाएको पाए। 3 तिनीहरू भित्र पसे तर प्रभु येशूको शरीर
देखेनन्। 4 जब तिनीहरू यस विषयमा अलमल्ल परिरहेका थिए, दुइजना मानिसहरू अति नै उज्यालो
पहिरनमा तिनीहरूको समिपमा उभिए। 5 ती स्त्रीहरू अत्यन्त डरए, तिनीहरूले आ-आफ्ना शीर निहुराए।
ती दुइ मानिसहरूले ती स्त्रीहरूलाई भने, “जीउँदो मानिसहरूलाई तिमीहरू किन मरकोहरूको माझमा
खोजिरहेकाछौ? 6 येशू यहाँ छैनन्। उहाँ मृत्युबाट बौरी उठ्नु भएकोछ। उहाँले गालीलमा तिमीहरूलाई भन्नु
भएको कुरा थाहा छ? 7 उहाँले भन्नु भएकोछ मानिसको पुत्रलाई पापीको हातमा सुम्पिइनेछ, क्रूसमा
टाँगिनेछ, अनि मरेको तेस्रो दिन बौरी उठ्नेछ।” 8 तब ती स्त्रीहरूले येशूले के भन्नु भएको थियो सम्झना
गरे। 9 ती स्त्रीहरूले चिहान छोडे अनि एघारजना प्रेरितहरू र अरू चेलाहरू भएकहाँ गए अनि सबै यी
घट्नाहरू बारे तिनीहरूले भने। 10 ती स्त्रीहरू मरियम मग्दलिनी, यूहन्ना र याकूबकी आमा मरियम र अरू
स्त्रीहरू थिए। तिनीहरूले ती प्रेरितहरूलाई भएका सबै घट्नाहरू सुनाए। 11 तर प्रेरितहरूले ती स्त्रीहरूले
तिनीहरूलाई भनेका कुरालाई फोस्रा सम्झेर पत्याएनन्। 12 तर पत्रुस जुरूक्कै उठ्यो अनि चिहान तिर दगुर्यो।

त्यो निहुरियो अनि हेर्यो। सुतीको लुगा जुन येशूको शरीर लपेटिएको थियो त्यो वाहेक उसले केही देखेन। जे भएको थियो त्यस विषयमा अन्योलमा पर्दै त्यो घर गयो। 13 त्यसै दिन येशूका दुइजना चेलाहरू इम्माउस नाउँ गरेको शहर गइरहेका थिए। यो ठाउँ यरूशलेमदेखि प्राय: साढे तीन कोश टाढा पर्थ्यो। 14 तिनीहरूले घटेका ती सब घट्नाहरू बारे कुरा गरिरहेका थिए। 15 जब तिनीहरू यी कुराहरू गरिरहेका थिए, येशू आफैं तिनीहरूको नजिक आउनुभयो अनि तिनीहरूसँगै हिंड्नु भयो। 16 तर ती दुइ जनालाई येशूले चिन्नु दिनु भएको थिएन। 17 त्यसपछि येशूले भन्नुभयो, "तिमीहरूले हिंड्दै गर्दा के विषयमा बात गरेको हो?"

---

(नेपाली बाइबल: पढ्न सजिलो संस्करण। प्रतिलिपि अधिकार © 2004, 2010 बाइबल लीग इन्टरनेशनल । सबै अधिकार सुरक्षित छन्।)

**सोध्नुहोस्/उत्तर:**

• यो खण्डको अर्थ के हो?

• यो खण्डमा तपाईलाई के मनपर्छ/मनपर्दैन?

**जवाफ दिनु : यदि यो सत्य हो भने...**

• यसले तपाईंको जीवन शैली कसरी परिवर्तन गर्नुपर्छ?

• तपाई आजको खोज कसलाई साझा गर्नुहुनेछ?

• खण्डले तपाईंले परमेश्वर/मानिसहरूलाई हेर्ने तरिकालाई कसरी परिवर्तन गर्छ?

**बन्द गर्नुहोस्**

• समूह फेरि कहिले भेट्ने निर्णय गर्नुहोस्।

• प्रार्थनामा बन्द गर्नुहोस्। (माथि उल्लेखित आवश्यकताहरूको लागि)

(अनुवादक: कृशान्त रौनियार । हाम्रो प्रभु येशूको नाममा जयमशी)